## आर्थिक वर्ष २०८२/०८३ को

# नीति, कार्यक्रम तथा बजेट

### खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**"स्वास्थ्य, शिक्षा, कृषि र प्रविधिमा आधुनिकिरण**
**खाँडाचक्र नगरपालिकामा ग्रिन स्मार्ट सिटीको शुरुवाती चरण"**

**सभा अध्यक्ष ज्यू,**

सर्वप्रथम म खाँडाचक्र नगरपालिकाको तर्फबाट सबैमा हार्दिक अभिवादन एवं स्वागत गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानबाट स्थापित खाँडाचक्र नगरपालिकाका आम नागरिकहरुको प्रतिनिधिमूलक गरिमामय नगरसभाको यस बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न खाँडाचक्र नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भएको छु ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते तथा अपांग नागरिक प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

मुलुकमा संघिय शासन व्यवस्था स्थापन भए पश्चात स्थानीय सरकारले अवलम्बन गरेका लक्ष्यहरुलाइ पुरा गर्न समग्र नगरपालिकाको सर्वाङ्गिण विकास र सर्वोपरी हितलाई आत्मसाथ गरी हाम्रो नगरलाई समाजवाद उन्मुख समृद्ध नमूना नगर निर्माणको उद्देश्य सहित जनताले दिएको जिम्मेवारीलाई कार्यान्वयन गर्न प्रतिवद्धता सहित यो स्थानीय सरकार आम खाँडाचक्र नगरपालिकाबासी आम नागरीकको सेवामा सक्रियतापुर्वक अगाडी बढने प्रतिवद्धता यस सभा मार्फत जानकारी गराउदछु ।

**अध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावनाहरु रहेका छन । सकारात्मक सोचका साथ अगाडी बढेर सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भाबनाहरुको बिचबाट खाँडाचक्र नगरपालिकामा भएका सिमित श्रोत साधनहरुलाई भरपुर उपभोग गर्दै संघीय सरकार, प्रदेश सरकार लगायत अन्य बिकास साझेदार निकायहरु संग समन्वय तथा सहकार्य गरी नगरपालिकाले लिएको लक्ष्यहरु पुरा गर्न ठूला तथा मझौला आयोजना, योजना एवं परियोजनाहरुलाई योजनाबद्ध तरिकाले बिकास गर्न तपसिल बमोजिमका क्षेत्रहरुमा आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## <u>क.) आर्थिक विकास क्षेत्र</u>

**कृषि क्षेत्र :**

१ खाँडाचक्र नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्न पहल कदमीका रुपमा कार्य योजना तयार गरि व्यवसयीक कृषी प्रणाली लाई आधुनिक वैज्ञानिक व्यवसायिक एवं विविधिकरण गरिनेछ ।

२ खाँडाचक्र नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तिय संस्थाहरु रहेकाले यस नगरपालिका कृषि उद्यम सम्बन्धि परियोजनाहरु विकास गरि कृषिको लगानी लाई थप मजवुत बनाउन बिउ बैंक मार्फत कृषकहरुलाई पोत्साहित गरिनेछ ।

३ कृषि उत्पादन बजारीकरण तथा विकासका लागि ग्रामिण पूर्वाधार तथा कृषि सडकहरु विकास गरि खाद्यान्न, तरकारी, फलफुल जस्ता नगदे बालिहरुलाई कृषि उपज संकलन केन्द्रहरु सम्म पुराउने व्यवस्था मिलइने छ । यस्ता बाटो नपुगेका ग्रामिण क्षेत्रहरुको कृषि उपजका बजार पहुँच बढाउन बाटो पुगेका स्थानमा निर्माण भएका कृषि संकलन केन्द्रहरुलाई संचालनमा ल्याइने छ ।

४ खाँडाचक्र नगरपालिका भित्रका वास्तविक कृषकहरुलाई डिजिटल प्रविधिको माध्यमबाट कृषक सूचीकरण गरि कृषक प्रमाण पत्र उपलब्ध गराउने कार्य संचालनमा ल्याइनेछ ।आगामी आ. व. मा पनि यसलाई थप व्यवस्थित गरी सो कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५ कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्थ कर्तालाई घटाइ कृषि उत्पादनको बजार मुल्यको अधिकतम हिस्सा किसान सम्म पुर्याउन कृषक समूह तथा सहकारी मार्फत कृषकहरुको सहज पहुच वृद्धी गर्नका लागि कृषि हाट बजारको व्यवस्था मिलाइने छ ।

६ यस नगरपालिका भित्र फलफुल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादनको वृद्धी गर्न पकेट क्षेत्र घोषणा गरीएका क्षेत्रहरुका किसानहरुलाई मौरी पालन, च्याउ खेती, फलफुल लगायतका नगदे वालिहरुमा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।

७ खाद्य तथा पोषण सुरक्षाका लागि नगरवासीलाई **"एक घर एक करेसाबारी "** स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

८ कृषि उत्पदनलाई चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु समुदाय स्तरमा पुग्ने गरी व्यवस्था मिलाईने छ ।

९ यस नगरपालिकामा चालु आ.व. मा स्थापना गरिएका कृषि बीउ बैंकलाई अनुदान दिई जिल्ला भरमा आवश्यक पर्ने स्थानीय स्तरमा पाइने रैथाने आन्न बालीहरु (मकै, कोदो, कागुनो, जुनेली, फापर, चिनो) र प्राकृतिक प्रकोपबाट लोप भएका अन्नबालीलाई संकलन र प्रर्वद्धनका लागी कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।

१० एक वडा एक उत्पादनशिल कृषि सहकारी निर्माण गरि युवाहरुलाई आत्मनिर्भरताका लागि कृषिमा आकर्षण गराउन ग्रामिण कृषी सहकारी मार्फत आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

११ १० बर्षे कृषि रणनिति तयार गरी सोही अनुरुप प्रत्यक बर्ष कार्यक्रम तयार गरी लागु गरीने छ ।

**पशु सेवा :**

१. खाँडाचक्र नगरपालिका कृषकहरुको गाई, भैसी, भेडा, बाखा उन्नत जातका लागि नश्ल सुधारका साथै कृत्रिम गर्भधान कार्याक्रमलाई निरन्तरता दिइने छ ।

२. समुह/समितिलाई डिजिटल प्रविधिको प्रयोग गरी नयाँ दर्ता तथा नविकरण गराइने ब्यवस्था मिलाईने छ ।

३. नगरपालिका वजार भित्र निर्मित वध स्थल र मासु पसलहरुलाई ब्यवस्थित गरी मासु वेचविखनमा एकरुपता ल्याईने छ ।

४. यस नगरपालिका भित्र का पशुपंक्षीहरुलाइ औषधि उपचार खोप जस्ता सेवाहरु उपलब्ध गराईने छ ।

५. खाँडाचक्र नगरपालिकामा आधारभूत प्रयोगशालाको स्थापना गरिने छ ।

६. पशुजन्य रोगको महामारी नियन्त्रणको लागि खोप तथा उपचारको व्यस्थानपन गरिने छ ।

७. एक वडा एक प्राविधिक व्यवस्थापन गरी सेवा सन्चालनमा टेवा पुऱ्याइने छ ।

८. यस खाँडाचक्र क्षेत्र भित्र रहेका पशुपंक्षीमा आकास्मीक रोग फैलिन गएमा रोकथामको प्रक्रिया अपाइने छ ।

९. सामुदायिक पशु सेवा प्रशार सेवा केन्द्रमा चेकपोष्टको रुपमा स्थापना गरी आन्तरीक राजश्वमा वृद्धि गरिने छ ।

**पर्यटन विकास :**

१ प्राकृतिक, साँस्कृतिक तथा जैविक बिबिधता संरक्षण प्रर्वद्धन गर्दै खाँडाचक्र नगरपालिकालाई रमणीय सुरक्षित गन्तब्य स्थानका रुपमा विकास गर्न पर्यटकिय क्षेत्रहरुलाइ व्यवस्थित बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गरिनेछ ।

२ चुलिमालिका, पंचदेवल मन्दिर, कोटदरबारलाई धार्मिक तथा ऐतिहासिक पर्यटन क्षेत्रको रुपमा विकास गरि अन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने व्यवस्था मिलाइने छ ।

३ विभिन्न पाटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगाएतका थुप्रै पर्यटकीय क्षेत्रहरुको संरक्षण गरि चलचित्र पर्यटनको रुपमा विकास गरिने छ ।

४ पिलिलाई युद्ध पर्यटकीय क्षेत्रका रुपमा थप विकास गरिने छ ।

५ खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायहरूलाई पर्यटक मैत्री बनाउन सूचना प्रबाह गरी पर्यटक आकर्षक गर्ने व्यवस्था गर्न आवश्यक तालिम तथा स्तर वृद्धि गर्ने व्यवस्था गरिने छ ।

६ लुवारेकोट पर्यटन पार्कलाई थप व्यवस्थित गरिने छ ।

७ कालिकोट जिल्ला को प्रसिद्ध चुलिमालिका मन्दिरको मर्मत तथा जिउली र नैनीकाधमा धर्मसाला निर्माण सम्पन्न गरि पर्यटकिय क्षेत्रको विस्तार गरिने छ ।

**उधोग बाणिज्य :**

१ नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाई प्रबर्द्धन गरि छरिएर रहेका साना ब्यबसायी तथा उद्यमीहरुलाई आयआर्जनमुलक कार्यक्रम संचालनमा आवश्यक सहयोग गरिने छ ।

२ यस नगरपालिकामा उपलब्ध जडिबुटीहरु प्रशोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडीबुटी उधोग संचालन गरी आन्तरिक आय बृद्धि गरिने छ ।

३ यस नगरपलिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना बजार, गाउघरमा रहेका होटेल पसल तथा साना ब्यबसायी दर्ता गर्न लगाई सुचिकृत गरिनेछ ।

४ दर्ता भई संचालनमा आएका ब्यबसायिहरुलाई करको दायरामा ल्याई नगरापालिकाले लियको आगामी वर्षको राजस्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधि निर्माण गरि कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।

५ नगरपालिका भित्र बसोबास गर्ने बेरोजगार युवायुवतीका लागि नयाँ प्रबिधि युक्त सिप विकास कार्यक्रम अन्तर्गत युवा संलग्न उधोग स्थापना गरि विभिन्न कार्यक्रम मार्फत रोजगार सिर्जना गरिनेछ ।

६ खाँडाचक्र नगरपालिका भित्र अति विपन्न परिवारलाई लक्षित गरि साझा सुबिधा केन्द्रको स्थापना गरिनेछ ।

७ लघु तथा घरेलु उधोग संचालन गरिरहेका उद्यमीहरुलाई सिप विकास, तालिम तथा प्रबिधी हस्तान्तरण गरिने छ ।

८ स्थानीय श्रम ,सिप तथा श्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास कायम गर्न लघु तथा साना उद्योगको प्रबर्द्धन गर्ने लक्ष्य लिइने छ ।

**सहकारी :**

१ नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र बनाई सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भएका सम्पूर्ण सहकारी संस्थालाई थप व्यवस्थित गराइने छ ।

२ गरिबी निवारणकोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको कोषको रकम लागत राख्ने र सो रकम मार्फत रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणालमा रुपान्तरण गरिने छ ।

३ सहकारी आन्तरिक अर्थतन्त्रको महत्वपुर्ण खम्बाको रुपमा काम गर्ने भएकाले एक नगर अनेकौ उद्यममुखी सहकारी कार्यक्रमलाई थप प्रोत्साहन गरिने छ ।

## ख.) सामाजिक विकास क्षेत्र

**शिक्षा :**

१. खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुमा शिक्षा सुधार योजना र शिक्षा सुधार रणनीति कार्यान्वयनमा ल्याईने छ ।

२. बालबालिकाहरुका सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभाबक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

३. यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई व्यवस्थितरुपमा सञ्चालन गरी सुचना केन्द्रको रुपमा विकास गरिने छ ।

४. शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण, शिक्षक-अभिभावक, विधार्थी व्यबस्थापन समिति बिच अन्तरक्रिया भेला, अभिभावक भेला गरिने छ ।

५. यस नगरपालिका भित्र प्रारम्भिक बालबिकास व्यबस्थापनलाई उच्च प्राथमिकता दिदै संचालित बालबिकास केन्द्रहरुलाई ब्यबस्थापन गर्न नगरपालिकावाट थप भएका बाल बिकास केन्द्रलाई व्यवस्थित गरिने छ ।

६. यस नगरपालिका भित्रका सवै विद्यालयहरुमा वृक्षारोपण गरी हरियाली पूर्ण विद्यालय निमार्ण गरिने छ ।

७. विद्यालयमा पठन पाठनलाई व्यवस्थित वनाइ शिक्षकहरुको क्षमता पुनर्ताजगी गर्नको लागि तालिमको व्यवस्था गरिएको छ ।

८ यस नगरपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक/विद्यार्थीहरुवाट उत्कृष्ठ पहिचान गरी पुरस्कारको व्यवस्था गरिने छ ।

९. यस नगरपालिका भित्रका सबै बाल विकास केन्द्र, गुरुकुल विद्यालयहरु बाल, अपाङ्गता, लैंगिक रुपमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चिता गरी तीन तारे विद्यालयहरुको विकास बिस्तार तथा घोषणा गर्ने कार्य गरिने छ ।

१०. विद्यालय शिक्षा क्षेत्रमा सहयोग गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न समन्वय तथा सहकार्य गरी विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

११. प्रविधि मैत्री शिक्षा कार्यक्रम संचालनका लागि नगर क्षेत्र भित्रका सवै विद्यालयहरुमा विशेष पहल गरिने छ ।

१२. यस नगर भित्रका कक्षा ८, १० र १२ को परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने जेहेन्दार विद्यार्थीलाई नगद पुरस्कार सहित सम्मान गर्ने ब्यवस्था मिलाईने छ ।

१३. सबै विद्याालय उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षाको पहुँच बढाउन प्रारम्भिक बाल कक्षाका निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था, सरसफाई, खेलकुद सामाग्री, सिकाई सामाग्री, मनोरन्जन सामाग्री, रेडियो कार्यक्रम, कक्षा कोठा व्यवस्थापन, करेसाबारी आदिमा लगानी गरी बालमैत्री विद्ययालयको व्यवस्थापनमा जोड दिई नमुना बिद्यालय बनाईने छ ।

१४. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच बढाउन विद्यलय भर्ना कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

१५. विद्यालयमा अध्ययनरत सम्पुर्ण बालबालिकाहरुमा स्वास्थ्य र पोषणको पहुँच पुर्याउन सबै विद्यालयहरुमा कम्तीमा वर्षको २ पटक स्वास्थ्य जाँच सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था र विद्यालय नर्सलाई परिचालन गरिने छ ।

१६. यस नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने आधारभूत तहमा अध्ययनरत अपांग, असहाय, टुहुरा वालवालिकाको निम्ती आवासीय विद्यालय संचालन गर्ने ब्यवस्था मिलाईने छ ।

१७. यस नगरपालिका भित्र निजी क्षेत्रवाट संचालित समता स्कुल लगायत अन्य शैक्षिक संस्थाको ब्यवस्थापन पक्षलाई सुधार गरिदै लिईने छ ।

१८. खाँडाचक नगरपालिकामा साक्षरोत्तर कार्यक्रम संचालन गरिनेछ ।

१९. “नमुना वडा समाजवादी कार्यक्रम” आगामी आ व २०८२।८३ वाट संचालनमा ल्याइनेछ ।

२०. विद्यालय शिक्षालाई थप व्यवस्थापन गर्न आवश्यक कानूनको निर्माण गरी दरबन्दी मिलान तथा विद्यालय समायोजन गरिनेछ ।

२१. आधारभुत शिक्षालाई थप व्यवस्थित गर्न स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गरिनेछ ।

२२. खाँडाचक नगरपालिका र सि एम सि नेपालको साझेदारीमा सन्चालित विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई थप निरन्तरता दिइने छ ।

२३. TECSES परियोजनालाई आगामी आ व २०८२।८३ बाट पुर्ण रुपमा लागु गरिनेछ ।

२४. यस खाँडाचक नगरपालिकामा गरिएका अभिभावक शिक्षा साक्षरता शिक्षा जीवन उपयोगी सिप लगायतका कार्यक्रम मार्फत १५ देखि ५९ वर्ष उमेर समुहका नागरिकलाई गरिएको तथ्यांक संकलन तथा विश्लेषण अनुसार खाँडाचक नगरपालिकाको साक्षरता ९७।३७ रहेको छ । यो तथ्यांक साक्षर पालिका घोषणाको लागि पर्याप्त भएकोले यही चौधौ नगरसभा मार्फत यस खाँडाचक नगरपालिकालाई साक्षर घोषणा गरिएको छ ।

**युवा तथा खेलकुद :**

१. यस नगरपालिका भित्रका वेरोजगार युवाहरुलाई राष्टिय रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाका पूर्वाधार तर्फका योजनाहरुमा साझेदारी कार्यक्रम मार्फत रोजगार ब्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका वेरोजगार युवालाई रोजगारीको सृजना गरिने व्यवस्थालाई निरन्तरता दिईने छ ।

२. यस नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका भित्रका युवाहरुलाई रोजगारमुलक उद्योग संचालन गरी रोजगारी सृजनाको ब्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगरस्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी सोही अनुसार परिचालन गरिने छ ।

५. यस नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्ने कार्यलाई विशेष जोड दिईने छ ।

६. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादनमा बिशेष जोड दिईने छ ।

**खानेपानी तथा सरसफाइ :**

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको नियमित अध्यावधिक तथा व्यवस्थापन गर्ने । साथै खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा सुनिश्चिता गर्न विशेष पहल गरिने छ ।

२. खानेपानीको सतह तथा भुमिगत पानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको मुल परीक्षण गर्ने कार्यलाई उपभोक्ता समुहवाट निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छताका कृयाकलापहरुको समग्र अवस्थाको जानकारी अध्यावधिक गर्न एवं सुचनामा आधारीत योजना तर्जुमा निर्माण गर्नका लागि खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी ढल ब्यवस्था विभागले निर्माण गरेको ऐनवास मोवाइल एप्लिकेशन प्रयोग गरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक योजना निर्माण गर्ने र यथाशक्य कार्यान्वयनका लागि पहल गरिने छ ।

४. नगरपालिका भित्रका सबै स्वास्थ्य तथा शिक्षण संस्थाहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको निर्माण गरी सुरक्षित एबं पहुँचयुक्त स्वास्थ्य सेवाको उपलब्धताको बातावरण निर्माण गरिने छ ।

५. नगरपालिका भित्रका सबै बस्तीहरुमा फोहोरको उचित ब्यवस्थापन तथा विर्सजनका लागि जनचेतना अभिबृद्धिका साथै फोहर ब्यवस्थापनको राष्टिय नीतिलाइ कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

६. नगरपालिका भित्रका सबै सार्बजनीक स्थलहरुमा व्यवस्थित खानेपानी, शौचालय र साबुन पानीले हात धुने सुबिधा निर्माण तथा ब्यवस्थापन गर्न पहल गरिने छ ।

७. खानेपानी तथा सरसफाई क्षेत्रको मर्मत, संभार तथा निर्माण गर्दा जलबायु तथा बिपद् उत्थानशिलता सम्बन्धी क्रियाकलापहरुलाई अनिवार्य रुपमा आत्मसाथ गरी कार्यान्वयन गरिने छ ।

८. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ ।

९. पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गर्न पहल गरिने छ ॥

१०. यस नगरपालिकाको वजार क्षेत्रमा सृर्जित फोहोरमैला ब्यवस्थापनका लागि ब्यवस्थित डम्पिङ्ग साईट र उपयुक्त ढल निकासको निर्माण गरिनेछ ।

११. नेपाल सरकारको लक्ष्य वमोजिम एक घर एक धाराको नीतिलाई अवलम्वन गर्दै यस नगरपालिकाले प्रत्येक जनताको घर घरमा सुरक्षित खानेपानीको पहुच पुऱ्याई खानेपानी योजनाहरुमा खानेपानी महशुल उठाउने कार्यलाई ब्यवस्थित गरी खानेपानीयुक्त नगरपालिका निर्माणका लागि युनिसेफ नेपाल र कर्णाली जल परियोजना लगायत अन्य साझेदार दातृ संस्थाहरुसंग साझेदारी गरी आवश्यक ऐन, नियम तथा मापदण्ड आधारमा सुरक्षित खानेपानी दिगो पहुचको सुनिश्चितताका लागि कार्यक्रमलाई थप निरन्तरता दिई कार्यान्वयन गरिने छ ।

१२. हाम्रो नगर, राम्रो नगर वनाउने उद्देश्यका साथ खाडाचक्र बजारको क्षेत्रको सरसफाई लगायतको उचित ब्यवस्था गर्न विशेष पहल गरिने छ ।

१३. पानीका श्रोतहरुको पहिचान गरी त्यसको क्षमता, उपयोग र संरक्षण गर्न नगरपालिका भित्र रहेका सम्पुर्ण पानीका श्रोतहरुको मापन र गुणस्तर परीक्षण गरिने छ, जसबाट गुणस्तरीय र दिगो खानेपानी आपुर्ती तथा बितरणमा सहयोग गरिने छ ।

१४. बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय, घरयासी सरसफाई र आनीबानी परिबर्तनको महत्वपुर्ण भुमिका रहन्छ यसैलाई मध्यनजर गर्दै **"स्वच्छ निरोगी हामी, नियमित हातधुने बानी"** भन्ने अभियान सञ्चालन गरी आगामी ५ वर्ष भित्र शत प्रतिशत घरमा हात धुने स्टेसन निर्माण कार्यलाई निरन्तरता दिई अभियानरुपमा सञ्चालन गरिने छ । साथै ठोस, तरल तथा दिशाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि नगरपालिकामा आबश्यक नीति र योजना तयार गरी सोहि अनुसार कार्यान्वयन गरिने छ ।

**स्वास्थ्य :**

१. यस नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकेका महिलाहरुलाई स्वास्थ्य संस्थाले रेफर गरेमा रेफर गरेको स्वास्थ्य संस्था सम्म निशुल्क यातायात सुविधा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. स्वास्थ्य चौकि दाहा र पाखामा रहेको वर्थिङ्ग सेन्टरमा गर्भवती, सुत्केरी प्रतिक्षालय भवन निर्माण गरी सेवाका थप विस्ताका लागि आवश्यक पहलकदमी लिइनेछ ।

३. स्वास्थ्य संस्थाहरुमा नियमित गर्भवती जाच र सुत्केरी हुन सेवा लिएका महिलाहरुलाई जनप्रतिनिधिको कोशेली कार्यक्रम संचालन गरिने छ ।

४. महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. महामारीको अवस्थाको रोकथामका साथसाथै कुपोषण न्युनिकरणमा स्वच्छ पानी र जोखिमपुर्ण अवस्थामा हात धुने बानी तथा ब्यवहारले ४३ प्रतिशत सम्म कुपोषण रोकथाम हुने हुदा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र नगरपालिकामा साबुन पानीले हातधुने स्थानको ब्यवस्था गरिने छ ।

६. नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न संचालनमा रहेको नगरस्तरीय दाडिमवोट आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी संचालन गरिनेछ ।

७. लामो समयमा काम गर्दै आइरहेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानजनक विदाई गरिने कार्यक्रमलाई निरन्तरता दिइएको छ

८. स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमित संचालनका लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।

९. स्वास्थ्य सेवाको पँहुच भन्दा टाढा रहेका वस्तीहरुको सामुहिक नक्सांकन गरी सुक्ष्म योजना तयार गरीने छ ।

१०. गर्भवती महिलालाई स्वास्थ्य स्थितिको जाँच तथा संस्थागत सुत्केरीको संस्थामा बृद्धि गर्न र मातृ तथा नवशिसु मृत्युदरलाई घटाउन मेरो वावालाई चिठी र गर्भवती महिलाई निमन्त्रणा कार्ड वितरण गरिने छ ।

११. स्वास्थ्य संस्थामा आउने विरामीहरुलाई नेपाल सरकारले तोके अनुसार निशुल्क औषधी उपलब्ध गरिने छ ।

१२. खाँडाचक्र नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राखी २ वर्ष मुनिका वालवालिकाहरुलाई पुर्णखोप प्रदान गरिने छ ।

१३. कोभिड १९ खोपलाई थप प्रभावकारीरुपले संचालन गरी पुर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गर्न विशेष पहल गरिने छ ।

१४. यस नगरपालिकामा सुनौला हजार दिनका आमाहरुलाई आमा र वालवालिका लक्षित वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न यस नगरपालिले थप समपुरक कोष समेत बजेट ब्यवस्था गरेको छु ।

१५. खाद्य असुरक्षा तथा पोषणको जोखिममा बढी महत्व दिई आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्न "बहु क्षेत्रिय पोषण योजना-दोस्रो" अनुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाईसँग सम्बन्धित कार्यक्रमहरु एकीकृत गरी लक्षित समुदायमा कार्यान्वयन गरीने छ ।

१६. गर्भवती, सुत्केरी एवं नवजात शिशु स्याहारमा विशेष महत्व दिन "हरेक बार खाना चार" सबैका घर/घरमा करेसाबारी बनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्य क्षेत्रमा कार्यरत सघं संस्थाहरुसँग सहकार्य, समन्वय गरी परिचालन गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. वन्चितीकरणमा परेका समुदायका किशोर किशोरीहरुको क्षमता विकास र आय आर्जनका क्रियाकलाप संचालन गरिने छ ।

२. खाँडाचक्र नगरपालिका भित्रका दलित समुदायलाई समानुपातिक समावेशी तथा अर्थपुर्ण सहभागितामा पहुँच अभिवृद्धि गरी सीपविकास, स्वरोजगारमुलक, आत्मनिर्भर कार्यक्रमा मार्फत सेवामा पहुँच अभिवृद्धि गरिने छ ।

३. यस नगरपालिका भित्रका द्धन्द प्रभावित टुहुरा, अनाथ, हराएका, वेवारिसे अवस्थामा फेला परेका, बाबु आमा वा संरक्षकबाट बन्चित भएका, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखनमा परेका, सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा विपदमा परेका, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि ब्यवस्था मिलाईने छ ।

४. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि लक्षित बर्गको बजेटबाट बिशेष कार्यक्रम बनाई अभियानको रुपमा संचालन गरिने छ । साथै उक्त घोषणा गर्ने गाउँ टोल र वडाहरुलाई बिशेष पुरस्कारको ब्यबस्था मिलाईने छ ।

५. वालविवाह न्यूनीकरण गर्न प्रभावकारी नीति अवलम्वन गरिने छ ।

६. यस नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, जनजाती, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, एकल महिला, द्धन्द पिडित, घाईते तथा वालवालिका लगायत अन्य समुहका लागि आयआर्जनमुलक कार्यक्रम संचालन गरी आत्म निर्भर वनाउन आवश्यक बजेटको ब्यवस्था मिलाईने छ ।

७. यस नगरपालिकाकाको सूचना प्रणालीलाई चुस्त र दुरुस्त राखी सेवाग्राहीलाई सूचनाको हक अनुभुती हुने गरी पारदर्शी तथा प्रभावकारीरुपमा ब्यवस्था मिलाईने छ ।

८. महिला अधिकार र कर्तव्य सुनिश्चिततताका लागि सबै टोलहरुमा वालक्लव, किशोर किशोरी समुहको पहुँच पुर्याउन समिति/समुहहरुलाई पालिकामा दर्ता गरी व्यवस्थित र जवाफदेहिता बढाउने नीतिलाई अवलम्वन गरिनेछ ।

**भाषा तथा साँस्कृतिक :**

१. परम्परागत ज्ञान सिप र कलाको संरक्षण प्रर्बद्धन र बिकास गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिने छ ।

२. स्थानीय श्रोत साधनबाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण गर्न कोसेली घरको स्थापना गर्न आवश्यक पहल गरिने छ ।

३. यस नगरपालिका भित्रका विभिन्न धार्मिक, पुरातात्विक, सास्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन विकास मार्फत स्वरोजगारको सृजना गरिने छ ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक संजालमा नजोडिएको वडा नं ११ को वडा केन्द्र सम्म सडक संजाल जोड्न आ.व. २०८२/०८३ मा पुऱ्याउने लक्ष्यका साथ विशेष वजेटको व्यवस्थाका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

२. यस नगरपालिका भित्रका निर्माण भई सकेका र निर्माणाधिन अबस्थामा रहेका सडकहरुको सडक स्तर कायम राख्न तथा नियमित मर्मत सम्भार गर्नका लागि सडक बोर्ड नेपाल तथा नगरपालिकाको साझेदारीमा नियमित मर्मत सम्भार कार्यलाई थप निरन्तरता दिइने छ ।

३. खाँडाचक्र नगरपालिका र वडा कार्यालयहरुको आफ्नै भबन नभएकाले भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गा उपलव्ध गराई भवन निमार्ण कार्यको लागि सम्वन्धित निकायको समन्वयमा आवश्यक बजेटको व्यवस्थापन गरि  भवन निर्माण गरिने छ

४. यस नगरपालिकाको क्षेत्र भित्र नदी, नाला तथा खोलाहरुमा आबश्यकता अनुसार निमार्ण हुन वाकीं पक्की पुल, झो.पु., कल्भर्ट निर्माणका लागि प्राथमिकताका आधारमा निर्माण कार्य अघि वढाउन सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।

५. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन वाँकी वडाहरुमा आगामी आ.व. २०८२/०८३ मा विद्युतीय लाईन विस्तार तथा सुधार गरी वत्ति वाल्न पहल गरिने छ ।

६. यस खाँडाचक नगर सभावाट विधिवतरुपमा छनौट भई आएका तथा नगरपालिकाले आवश्यकता महशुस गरेका पुर्वाधार लगायत अन्य योजना तथा आयोजनाहरु संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायहरु लगायत विकास साझेदार निकायहरुसंग समन्वय गरी योजना कार्यान्वयनका लागि विशेष पहल गरिने छ ।

७. शहिद, वेपत्ता, घाईते, अपांग तथा अति विपन्न परिवारहरुका लागि आवास कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

८. यस नगरपालिकाका युवाहरुको खेदकूद विकासका लागि नगर रंगशाला निर्माण गर्न विशेष पहल गरिने छ ।

९. कालिकोट जिल्ला स्थित ताडिमा रहेको कालिकोट जिल्लाकै एक मात्र वसपार्कलाई स्तरोन्नती गरी व्यवस्थित तरिकाले सुचारु गर्नका लागि विशेष व्यवस्था गरिने छ ।

१०. खाँडाचक नगरपालिकाको गिठापानी - डोल्पाटा - सिम्डील - थक्लेनी - रेंगिल हुदै कर्णाली करिडोर जोडने सडक निर्माण तथा सुधार गर्न आवश्यक पर्ने वजेट व्यवस्थाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

## घ.) सुशासन तथा अन्तर सम्वन्धित

### विपद् व्यवस्थापन

१. यस नगरपालिका भित्रका स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनका लागि योजना निमार्ण गरि सरसफाइ कार्य लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

२. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकाका क्षेत्र भित्रका पानीका स्रोतहरु, संवेदनशिल एवं संकटासन्नता र जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण गर्ने, मुहान संरक्षण र सदुपयोग गर्ने र व्यवस्थित सिंचाई व्यवस्थापन गरिने छ ।

५. खाँडाचक्र नगरपालिकाका सम्पुर्ण सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई डिजिटल प्रविधि मा आधारित बायोमेट्रिक प्रणालीलाई अनिवार्य लागु गरी थप व्यवस्थित गरिनेछ ।

६. पालिकामा गठन भएको नगर स्तरीय विपद ब्यवस्थापन समितिले यस नगरपालिकामा आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई व्यवस्थित गराई विपदसँग सम्बन्धित सूचना तथा जानकारीहरु एकद्धार प्रणाली मार्फत गराईने छ ।

७.. मौसम पुर्वानुमान प्रविधि र उपकरणको प्रयोगका लागी एफ. एम. रेडियोहरु मार्फत सूचना प्रसार गर्ने साथै बनेका निति तथा निर्देशिकाहरु समय अनुकुल update गरीनेछ ।

### जलवायु परिवर्तन

१. जलवायु परिवर्तनको कारणले संकटासन्नता तथा जोखिममा रहेको पालिका अर्न्तगत रहेका वडा, बस्ती तथा विभिन्न विषयगत क्षेत्रहरूको संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील विकास कार्यक्रमहरु पहिचान गरि प्राथमिकिकरणको आधारमा आगामी बर्षको कार्यक्रम तथा नीतिलाई अगाडी बढाउनेछ । जलवायु परिवर्तन अनुकूलन र उत्थानशील सम्बन्धी तयार भएको स्थानीय तहको वैधानिक दस्ताबेजहरुलाई आधार बनाएर तर्कसंगत योजना छनौटलाई प्राथमिकतामा राखिने छ । क्रियाकलापको प्राथमिकिकरण गर्दा ठुला, बहुअयामिक, दीगो, जल, जलाधार, वनजगंल, कृषि तथा जीविकोपार्जनसगं सम्बन्धित क्रियाकलापको छनौटलाई केन्द्रित गरिने छ । यसको साथै जलवायु परिवर्तनको क्षेत्रमा क्षमता विकास गरी आवश्यक मानव स्रोतको समेत विकास गरिने छ ।

२. जलवायु परिवर्तनको असर तथा प्रभावहरुसँग जुध्नको लागि स्थानीय अनुकूलन कार्य योजना पालिकाको नियमित योजना तर्जुमा प्रकृयामा मूलप्रवाहिकरण गर्दै लागिने छ । साथै यस संग सम्बन्धीत एकिकृत योजनारुलाई प्राथमिकतामा राखिने कार्यान्वयन गरिने छ ।

**मानव संसाधन विकास**

१. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस नगरपालिकाको आ.व. २०८२/०८३ को विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्धवार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिने छ ।

३. यस नगरपालिका भित्रका विभिन्न वडाहरु तथा नगरपालिका राजश्व असुली कार्यलाई व्यवस्थीत गर्न सफ्टवेयर प्रणाली थप व्यवस्थित गरिनेछ ।

४. नगरपालिका क्षेत्र भित्र हुने विभिन्न कार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिला, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी/जनजाती तथा ऐतिहासिक रुपमा वञ्चितीमा परेका सिमान्तकृत वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित हुने किसिमको नीति लिइने छ । सामाजिक कुरितीको रुपमा रहेको जातीय छुवाछुत, छाउपडी, बोक्सी, बाल बिवाह घरेलु हिंसा लगायतको क्रियाकलापलाई दण्डनीय बनाई त्यस्तो कुरीतिको अन्त्य गर्ने नीति लिइने छ ।

५. यस नगरपालिकाका सवै वडाहरुमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रममा छुटेका नगारिकहरुलाई अनलाईन प्रणालीमा थप व्यस्थित गर्न पहल गरिने छ ।

६. नगरपालिकाको समग्र उन्नती र प्रगतीका लागि Welcome to development partner (विकास साझेदारहरुलाई स्वागत) गर्ने नीतिको विकास गरिने छ ।

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०८२/०८३ को आय अनुमानको पेश गर्न अनुमती चाहन्छु ।

**<u>आय तर्फ</u>**

**संघीय सरकारको अनुदान** अन्तर्गत सशर्त अनुदान चालु तर्फ रु. २० करोड १६ लाख, पुजिगत तर्फ २ करोड ५६ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. ११ करोड ६१ लाख, राजश्व वाडफाड तर्फ ९ करोड २१ लाख १ हजार २ सय ५७ रुपैया, समपुरक अनुदान पुजिगत तर्फ ३ करोड ४२ लाख, विशेष अनुदान पुजिगत तर्फ ६८ लाख गरी जम्मा रु. ४७ करोड ६४ लाख १ हजार २ सय ५७ रुपैया प्राप्त भएको छ ।

**कर्णाली प्रदेश सरकारवाट** सशर्त अनुदान चालु तर्फ रु. १२ लाख ९३ हजार, पुजिगत तर्फ २ करोड ९५ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. १ करोड ५९ लाख १३ हजार, प्रदेश राजश्व वाँडफाँड २४ लाख ४८ हजार ६ सय ६२ रुपैया पैसा ५० गरी जम्मा ४ करोड ९१ लाख ५४ हजार ६ सय ६२ रुपैया पैसा पचास प्राप्त भएको छ ।

आन्तरीक आय तर्फ रु. ५० लाख, बैंक मोज्दात ५० लाख गरी **जम्मा ५३ करोड ५५ लाख ५५ हजार ९ सय १९ रुपैया पैसा ५० प्राप्त भएको छ ।**

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम तथा बजेट यही अन्त्य भएको सम्मानीत गरीमामय सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद ।

गणेशवहादुर शाही
नगर उप प्रमुख
२०८२ आषाढ १० गते